PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

# सूचना

**मितिः २०७४ आश्विन २४ गते, मंगलबार**

यस जनहित संरक्षण मञ्च (प्रो पब्लिक) को काठमाण्डौको कुलेश्वर आवास क्षेत्रभित्र रहेको २०६.५५ बर्ग मिटर क्षेत्रफलको जग्गामा कामनपाको भूकम्प प्रतिरोधक नियमानुसार Floor Area Ratio (FAR) ले दिने तलासम्म ( **भुइँ तलामा अधिक्तम गाडी पार्किङ्ग गर्न मिल्ने गरी**) ११०० ब.फि. देखि १२०० ब.फि. भएको मापदण्ड अनुसारको यस क्षेत्रमा नियमअनुसार निर्माण गर्न मिल्ने भवन निर्माण गर्नुपर्ने भएकोले भएकोले नेपाल सरकारमा दर्ता भएका नक्शा तथा भवन निर्माण गर्ने Consultant/Company बाट VAT तथा कर दाखिला प्रमाणपत्रसहित विस्तृत विवरण उल्लेख गरी नक्शा र भवन निर्माण (**भवन निर्माणका लागि सम्पुर्ण निर्माण सामग्रि यस मञ्चले उपलब्ध गराउँदा श्रमवापत मात्र लाग्ने प्रति वर्गफिटको दररेट र सम्पूर्ण निर्माण सामाग्रि र श्रमवापत लाग्ने प्रति वर्गफिटको दररेट**) का लागि दररेट यहि २०७४ कार्तिक १४ गतेभित्र शिलबन्दी गरी पेश गर्नुहुन अनुरोध छ ।

**प्रक्रिया**

- Consultant/Company बाट बिभिन्न Alternate का प्लान एवम् एलिभेशन भएका आर्किटेक नक्शाहरु तयार गरी मञ्चको सम्बन्धित आधिकारिक पदाधिकारी तथा Consultant को आधिकारिक प्राविधिकबीच हुने छलफल पश्चात छानिएको नक्शाको Alternate अनुसारको नक्शा चयन गर्ने ।
- सो छानिएको नक्शा अनुसारको नक्शाको कामनपाको नियमानुसार आर्किटेक, स्ट्रक्चर (Design Analysis समेत गरी) आवश्यक प्रति तयारी पश्चात फारम भरी कामनपाको नक्शा शाखामा पेश गर्ने ।
- कामनपाको नक्शा शाखा तथा सम्बन्धित वडामा गई आवश्यक सरकारी प्रक्रियाहरू पूरा गराउने ।
- Plinth level सम्मको भवनको स्वीकृति, Plinth level भन्दा माथिको भवनको स्वीकृति तथा भवन निर्माण सम्पन्न प्रमाणपत्र प्राप्तिसम्मको प्राविधिक कार्यहरू समेत गर्ने ।
- भवन निर्माणका लागि दुबै बिकल्पमा परेको दररेटको अध्ययन गरी कुनै एक बिकल्पमा अघि बढ्ने ।
- यी बुँदाहरुमा समावेश नभएका शर्तहरू छनौट भएको Consultant/Company र यस मञ्चका बिचमा सम्पन्न गरिने छुट्टै सम्झौतामा समाबेश गरिनेछन् ।

**दररेट तथा पारिश्रमिक भुक्तानी**

- नक्शाको विवरण भर्ने फारम, कामनपाको दर्ता शुल्क तथा क्षेत्रफल अनुसारको राजस्व शुल्क यस मञ्चले बुझाउने छ ।
- उपरोक्त कार्यहरू गरिदिएबापत विस्तृत विवरण उल्लेख गरी पारिश्रमिक शुल्क पेश गर्नुपर्ने ।
- पारिश्रमिक क्रमशः कुन-कुन कार्य पश्चात (नक्शा र भवन निर्माण दुबैका लागि) कति-कति समयमा कति-कति प्रतिशत भुक्तानि गर्नुपर्ने हो सोसमेत खुलाएको हुनुपर्ने ।
- पारिश्रमिक भुक्तानि गर्दा नेपाल सरकारको नियमानुसारको पारिश्रमिक कर कट्टा गरिने छ ।
- Consultant को पारिश्रमिक करको Verified Copy सम्बन्धित पदाधिकारिलाई बुझाइने छ ।
- यस सूचनामा उल्लेख नभएका बुँदाहरूमा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

**दररेट पेश गर्ने ठेगाना**

जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
पोष्ट बक्स नं. १४३०७
लिकमार्ग, कुलेश्वर, काठमाण्डौ
फोन नं. ०१ - ४२८३४६९, ९८४१६२२२८७